# वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) (छैठौं संशोधन) आदेश, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।९।४

वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) (छैठौं संशोधन) आदेश, २०६८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ को दफा २ मा संशोधन** : वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०५३ (यसपछि "मूल आदेश") को दफा २ को, -

(१) खण्ड (ख) र (ग१) को सट्टा देहायको खण्ड (ख) र (ग१) राखिएका छन्:-

"(ख) "वैकल्पिक ऊर्जा" भन्नाले सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, वायोजेनिक ग्यास, सल्फर स्प्रीङ लगायतका वायोग्यास सम्झनु पर्छ र सो शव्दले दश मेघावाटमा नबढाई मन्त्रालयले तोके बमोजिमको क्षमतासम्मको जलविद्युत, नवीकरणीय ऊर्जा तथा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य ऊर्जाहरू समेतलाई जनाउँछ ।"

(ग१) "सह-अध्यक्ष" भन्नाले समितिको सह-अध्यक्ष सम्झनु पर्छ ।"

(२) खण्ड (ग१) पछि देहायको खण्ड (ग२) थपिएको छः-

"(ग२) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।"

नेपाल कानून आयोग

(३) खण्ड (घ) सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष, सह-अध्यक्ष, उपाध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउंछ ।"

(४) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "मन्त्रालय" भन्नाले वातावरण मन्त्रालय सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को सट्टा देहायको दफा (३) राखिएको छः-

"३. **समितिको गठनः** (१) बैकल्पिक उर्जा प्रवर्द्धन गर्नका लागि बैकल्पिक उर्जा प्रवर्द्धन विकास समिति नामको एक समिति रहनेछः-

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) वातावरण मन्त्री -अध्यक्ष

(ख) वातावरण राज्यमन्त्री -सह-अध्यक्ष

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (उर्जा क्षेत्र हर्ने) -उपाध्यक्ष

(घ) सचिव, मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी) उर्जा मन्त्रालय - सदस्य

(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी) अर्थ मन्त्रालय - सदस्य

(छ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी) स्थानीय विकास मन्त्रालय - सदस्य

(ज) बैकल्पिक ऊर्जा कार्यक्रममा कर्जा प्रवाह गर्ने वित्तीय संस्थाका प्रतिनिधिहरूमध्येबाट समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

नेपाल कानून आयोग

(झ) बैकल्पिक ऊर्जा प्रविधिको विकास सम्बन्धी काममा संलग्न गैर सरकारी संस्थाका प्रतिनिधिमध्येबाट समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(ञ) लघु जलविद्युत, सौर्य ऊर्जा तथा वायोग्यासको क्षेत्रमा कार्यरत निजी क्षेत्रका संघ संस्थाका प्रतिनिधिहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(ट) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ज), (झ) र (ञ) बमोजिमका सदस्य मनोनयन गर्दा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी वैकल्पिक ऊर्जाको क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेका व्यक्तिहरूमध्येबाट गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू पुनःमनोनयन हुन सक्नेछन् ।

(५) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भागलिन आमन्त्रण गर्न सक्नेछ ।"

४. **मूल आदेशको दफा ४ मा संशोधनः** मूल आदेशको दफा ४ को खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छ :-

"(छ१) वैकल्पिक ऊर्जा तथा नवीकरणीय ऊर्जाका सम्वन्धमा राष्ट्रिय संस्था (नेशनल फोकल एजेन्सी)को रूपमा कार्य गर्ने ।"

५. **मूल आदेशमा दफा ४ख थपः** मूल आदेशको दफा ४क पछि देहायको दफा ४ख थपिएको छ :-





नेपाल कानून आयोग

"४ख **<u>वैकल्पिक ऊर्जा खरिद गर्न सक्ने</u>**: वैकल्पिक ऊर्जा सम्वन्धी योजना सन्चालन गरी उत्पादन गरिएको विद्युत स्थानीय रूपमा खपत नहुने भएमा र त्यस्तो विद्युत केन्द्रीय प्रसारण लाइनमा जोड्न मिल्ने भएमा समितिको सिफारिशमा नेपाल सरकारले त्यस्तो विद्युत खरिद गर्न तथा केन्द्रीय प्रसारण लाइनमा जोड्न सक्नेछ ।"

६. **<u>मूल आदेशको दफा ५मा संशोधन</u>** : मूल आदेशको दफा ५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :

"(५) समितिको वैठकको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा सह-अध्यक्षले र निजको पनि अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।"

७. **<u>मूल आदेशको दफा ७ मा संशोधन</u>**: मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **<u>कार्यकारी निर्देशक सम्वन्धी व्यवस्था</u>**: (१) समितिको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न समितिमा एकजना कार्यकारी निर्देशक रहेनछ ।

(२) नेपाल सरकारले उपदफा (३) बमोजिमको समितिको सिफारिसमा कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) राष्ट्रिय योजना आयोगको सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) - संयोजक

(ख) मन्त्रालयको सचिव - सदस्य

(ग) वैकल्पिक ऊर्जाको क्षेत्रमा काम गरेका विशेषज्ञहरूमध्येबाट समितिले तोकेको एकजना - सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, इन्जिनियरिङ्ग वा ऊर्जा सम्वन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी वैकल्पिक ऊर्जाको क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेका व्यक्तिहरूमध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी तीनजनाको नाम कार्यकारी निर्देशकको रूपमा नियुक्त गर्न नेपाल सरकार समक्ष

सिफारिस गर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस भएका व्यक्तिहरूमध्येबाट एकजनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(५) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको काम सन्तोषजनक देखिएमा उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले थप एक पटकको लागि निजलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

८. **मूल आदेशको दफा १० मा संशोधनः** मूल आदेशको दफा १० को उपदफा (७) को सट्टा देहायका उपदफा (७) राखिएको छः-

"(७) उपदफा (१) बमोजिमको कोषको रकम समितिले तोकेको नेपालभित्रको "क" वर्गको बैक तथा वित्तीय संस्थामा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।"

९. **मूल आदेशको दफा १३ मा संशोधनः** मूल आदेशको दफा १३ को प्रतिवन्धात्मक वाक्यांशमा रहेका "नेपाल सरकारबाट" भन्ने शव्दहरूको सट्टा "मन्त्रालयबाट" भन्ने शव्द राखिएको छ ।

१०. **मूल आदेशको दफा १४ मा संशोधनः** मूल आदेशको दफा १४ मा रहेका "विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरूको सट्टा " मन्त्रालय" भन्ने शब्द राखिएको छ ।